# नेपालगंजज उप- महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## नेपालगंज, बाँके

टोलफ्रि नं. १६६०८१५२०५२
फ्याक्स नं. ०८१-५२०२४०


लुम्बिनी प्रदेश नेपाल
नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, बाँके, नेपाल २०७३

मितिः२०७७/१०/०६

प.सं. ०७७/७८
च.नं. : २८९३

विषय: बैठकको निर्णय पठाईएको बारे ।

श्रीमान वडा अध्यक्ष ज्यू,
वडा कार्यालयहरु —२३ (सवै)
नेपालगंज उप-महानगरपालिका,
नेपालगंज, बाँके ।

प्रस्तुत विषयमा मिति २०७७/०९/२१ गते बसेको नेपालगंज उप-महानगरपालिका नगर कार्यापालिका बैठकको निर्णय पाना संख्या ४(चार) यसै साथ संलग्न राखी पंठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै तहाँ वडा कार्यालय सँग सम्बन्धित बैठकको निर्णय यथाशिघ्र कार्यन्वयन गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

०७७/१०/०६
हिक्मतवहादुर थापा माझी
अधिकृत स्तर छैठौं(प्रशासन)
हिक्मतबहादुर थापा माझी
अधिकृत छैठौं (प्रशासन)

श्रीमान,
२३ वटै वडा कार्यालयको इमेलमा पठाई दिनुहुन अनुरोध छ ।
०७७/१०/०६

# मिति २०७७/०९/२१ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १ :**

यस उप-महानगरपालिकामा लामो समयदेखि वातावरण तथा सरसफाई शाखामा कार्यरत सरसफाई अधिकृत **श्री अशोक के.सी** नगरको नाला तथा सडक सरसफाई कार्यको अनुगमन कार्यमै रहंदा कार्यालय समयमै सडक दुर्घटनामा परी उपचारको क्रममा यही **मिति २०७७।०९।१७** गते निजको मृत्यु भएकोले निजको उपचारमा नेपालगंज मेडिकल कलेज (शिक्षण अस्पताल) नेपालगंजमा लागेको खर्च र निजको सदगद् गर्दा समेतको खर्च भएको रकम **रु.३,२८,७५०।००** (अक्षेरुपी रु. **तीनलाख अट्ठाईस हजार सातसय पचास** मात्र) नगरकार्यपालिकाले दायित्व लिने र सो को भुक्तानी बांडफांड हुन बांकी मौज्दात रकमबाट गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २ :**

भूमि सम्बन्धि समस्या समाधान आयोग र नेपालगंज उप-महानगरपालिका बीच **मिति २०७७।०९।१५** गते भएको सम्झौता बमोजिम जग्गा तथा भूमि व्यवस्थापन सम्बन्धि कार्यक्रम कार्याव्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस नेपालगंज उप-महानगरपालिकाको आठौं नगरसभा आगामी **मिति २०७७ माघ १५** गते विहिवारको दिन बिहान ११:३० बजे बस्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस उप–महानगरपालिकाको "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि,२०७५ बमोजिम "घ" वर्गको इजाजतपत्रका लागि विभिन्न मितिमा यस उप–महानगरपालिकामा निवेदन पेश गरेकोमा कार्यविधि बमोजिम योग्यता पुगेका तपसिलका व्यवसायीहरुलाई "घ"वर्गको इजाजतपत्र दिने निर्णय गरियो ।

**तपसिल**

१. सि.बि.एस.एस.के.कन्सट्रक्सन ग्रुप, नेपालगंज १०, बाँके ।
२. अनिल कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., नेपालगंज १९, बाँके ।

**निर्णय नं. ५ :**

यस उप-महानगरपालिका नगरकार्यपालिकाको मिति २०७७।०७।२० गतेको बोर्ड बैठकबाट गठित विषयगत समिति पुनर्गठन तयारी समितिबाट पेश भए बमोजिम तपसिल बमोजिमका **कार्यालपालिका सदस्यहरु** विषयगत समितिको संयोजक रहने निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| १) श्री मन्जु नेपाली | २) श्री देउमल सुनार | ३) श्री बसन्ता जोशी |
| ४) श्री सिमा कसौंधन | ५) श्री देवेन्द्रपाल सिंह | ६) श्री कौशल कुमार धोबी |

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

## मिति २०७७/०९/२१ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ६ :**

गत आर्थिक वर्षको वडा कार्यालयको खर्च हुन नसकी बचत हुन आएको मौज्दात रकमबाट विकास निर्माण योजनामा मात्र खर्च गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने र सो को कार्यान्वयन पूर्व नगर प्रमुखबाट वडा समितिबाट प्रस्तावित कार्यक्रमहरु चेकजांच गरी नगर प्रमुखबाट स्वीकृत गराई कार्यान्वयन गर्ने नीति लिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

जिल्ला प्रशासन कार्यालय, बांकेको प.सं. ०७७।०७८ (स्थानीय प्रशासन), च.नं. ३३२९ मिति २०७७।०९।१२ को बांके जिल्लामा कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापन सम्बन्धमा प्राप्त पत्रमा उल्लेखित "**कोभिड १९ को संकट व्यवस्थापन केन्द्र**" को यस उपमहानगरपालिकाबाट आर्थिक सहयोग माग गर्ने सम्बन्धि विषयमा छलफल हुंदा तोकिएको कोभिड १९ अस्पतालको व्यस्थापनको लागि माग भई आएको रकम **रु.१५,००,०००।- (अक्षेरुपी रु. पन्ध्रलाख मात्र)** नगरकार्यपालिकाको आन्तरीक स्रोत (**गत आ.व. बचत भएको मौज्दात मध्ये**)बाट दायित्व हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस उपमहानगरपालिका, वडा नं. ३ को गत आर्थिक वर्षको वडा कार्यालयको खर्च हुन नसकी बचत हुन आएको मौज्दात रकम र यस आ.व. ०७७।०७८ को बिनियोजित थप रकमबाट वडा कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस उपमहानगरपालिकामा संचालित क्षेत्रीय शहरी बिकास आयोजना अन्तर्गत निर्माण भईरहेको सडक तथा नाला निर्माण कार्यको लागि तपसिल अनुसार थप कार्य गर्ने गरी परियोजना कार्यान्वयन ईकाईलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

(१) वार्ड नं. ६ को Culvert देखि पूर्व पोखरीसम्म Masonary Drain माथि 4m चाक्लो Motorable R.C.C. Slab निर्माण गर्ने ।

(२) हुलाकी सडकदेखि फुल्टेक्रा जाने Road सम्म दुबै तर्फ Motorable नाला तथा R.C.C. Road Pavement निर्माण गर्ने ।

**निर्णय नं. १० :**

आधुनिक नेपाललाई एकीकरण गरी नेपाललाई एकै सूत्रमा बांध्ने आधुनिक नेपालका निर्माता स्व. श्री ५ पृथ्वीनारायण शाहको जन्मदिन पौष २७ गते यस उपमहानगरपालिका र अन्तर्गतका सम्पूर्ण कार्यालय, ईकाई, सेवा केन्द्रहरुमा **सार्वजनिक बिदा** दिने गरी आजको बैठकमा प्रस्तुत प्रस्तावमा छलफल हुंदा उक्त दिन सार्वजनिक बिदा उपलब्ध नगराउने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

कार्यालयबाट कोभिड अस्पताल निर्माण कार्यको मिति २०७७।०९।१७ को निर्णयानुसार भएको प्रथम रनिङ्ग बिल वापत **रु.६०,८४,८३८।००** को भुक्तानी **अनुमोदन** गर्ने निर्णय गरियो ।

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, बाँके, नेपाल

## मिति २०७७/०९/२१ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १२ :**

नेपालगन्ज उपमहानगरपालिकालाइ २०७८ बैशाख महिनामा साक्षर घोषणा गर्ने गरि वडा कार्यालय मार्फत तपशिल बमोजिम साक्षरता अभियान सन्चालन गर्ने निर्णय गरियो ।

क) वडा कार्यालयहरुले वडा साक्षरता समिति गठन गरि माघ १० गते सम्म साक्षरता स्वयम सेवक नियुक्ति गर्ने र उप महानगरपालिकामा सामग्री माग गर्ने ।

ख) उप महानगरपालिकाले माघ १० गते सम्म वडाबाट माग भए बमोजिम सामग्रि उपलव्ध गराउने ।

ग) साक्षरता स्वयम सेवकहरुलाइ १ दिने अभिमुखिकरण गरि माघ १५ गते देखि चैत्र मसान्त सम्म साक्षरता अभियान संचालन गर्ने ।

घ) वडा कार्यालयले ३० जना निरक्षर व्यक्तिको नाम साक्षरता स्वयम सेवकलाई उपलव्ध गराउने र १ जना व्यक्ति साक्षर गराए वापत प्रति व्यक्ति रु ३००। (रु.तीनसय मात्र) र २ महिनाको यातायत खर्च रु १०००। (रु.एक हजार मात्र) साक्षरता स्वयम सेवकले पाउने गरि सम्झौता गर्ने ।

ङ) वडा कार्यालयले साक्षरता स्वयम सेवकको पारिश्रमिक उपलव्ध गराउन आगामी अधिवेशनमा रकमान्तर गरि बजेटको व्यवस्था गर्ने ।

च) साक्षरता अभियानको लागि सामग्री नपुग भएमा उप महानगरपालिकाले आगामी अधिवेशनमा रकमान्तर गरि बजेटको व्यवस्था गर्ने ।

छ) ९५ प्रतिशत भन्दा माथि साक्षरता भएका वडा नं. १, २ र ३ लाई साक्षर वडा घोषणा गर्ने प्रकिया अगाडी बढाउने ।

ज) उप-महानगरपालिका तथा वडा कार्यालयले नियमित अनुगमन तथा प्राविधिक सहयोग गर्ने ।

**निर्णय नं. १३ :**

राष्ट्रिय योजना आयोगको प्रदेश तथा स्थानीय तहमा आ.व. २०७८।७९ का लागि संघीय समपूरक तथा बिशेष अनुदान अन्तरगत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धि मिति २०७७/८/३० को सूचना बमोजिम यस नेपालगंज उपमहानगरपालिकाका लागि तपसिल बमोजिमका समपूरक तथा बिशेष अनुदान अन्तरगत संचालन गरिने आयोजना/कार्यक्रमहरु छनौट गरी सिफारिस गर्ने निर्णय गरियो । समपूरक अनुदान अन्तरगत यस उपमहानगरपालिकाबाट ब्यहोर्नु पर्ने रकम यस उपमहानगरपालिकाको संघप्रदेश समपूरक कोषबाट ब्यवस्थापन गर्ने निर्णय गरियो ।

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज

## मिति २०७७/०९/२१ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

तपशिल

**समपूरक अनुदान अन्तरर्गत संचालन गरिने आयोजना/कार्यक्रमका**

१) नेपालगंज उपमहानगरपालिका क्षेत्र भित्रका सडक कालोपत्रे, PCC कार्य र नाला माथिको ढक्कन निर्माण योजना

**बिशेष अनुदान अन्तरर्गत संचालन गरिने आयोजना/कार्यक्रम**

१) शैक्षिक गुणस्तर प्रवर्द्धन कार्यक्रम

२) गरीबि विरुद्ध महिला कार्यक्रम

३) मधेशी, मुस्लिम तथा लोपोन्मुख जातिका व्यक्तिहरुका व्यावसायिकता प्रर्वद्धन कार्यक्रम

४) साझेदारी बिकास कार्यक्रम

५) स्वास्थ्यजन्य तथा औधोगिक जन्य फोहोर व्यवस्थापन कार्यक्रम

**निर्णय नं. १४ :**

कारागार कार्यालय, बांकेलाई गत आ.व. ०७६।०७७ को अन्तमा बांकी रहेको मौंज्दातबाट ब्ययभार हुने गरी समरसेल बोरिङ्ग र रु.१,००,०००।०० (रु. एक लाख मात्र) बराबरको खेलकूद सामाग्री समेत ब्यवस्था गर्ने **(गत आ.व. बचत भएको मौंज्दात मध्ये)** बाट ब्ययभार मिलान गर्ने गरी निर्णय गरियो ।

**फरक मत दर्ज सम्बन्धि विवरण :**

उक्त पृथ्वी जयन्तीको **२०७७, पौष २७ मा सार्वजनिक बिदा सम्बन्धि निर्णय नं. १०** मा हामी असहमत छौं ।

| असहमत पदाधिकारीको नाम | पद |
|---|---|
| श्री डा. धवल शमशेर राणा | नगर प्रमुख |
| श्री मो. सफिक बेहना | कार्यपालिका सदस्य |
| श्री सुरेन्द्र कुमार गुप्ता | कार्यपालिका सदस्य |
| श्री ईन्दिरा कुमारी शाही | कार्यपालिका सदस्य |
| श्री कैफलबरा जोलाहा | कार्यपालिका सदस्य |
| श्री मञ्जु बादी | कार्यपालिका सदस्य |

नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, बाँके, नेपालगंज
२०७३